# भूमे गाउँपालिका

# आर्थिक विधेयक, २०८२

भूमे गाउँपालिका
रुकुम (पूर्व)

**गाउँसभामा प्रस्तुत मितिः २०८२।०३।०९**

**गाउँसभाबाट पारित मितिः २०८२।०३।२५**

# भूमे गाउँपालिकाको आर्थिक विधेयक,२०८२

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भूमे गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि भूमे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको सञ्चित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोनिङ लगायतका सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **फोहरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न अनुसूची १४ मा उल्लिखित दरमा फोहरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर,

घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको रकम छूट दिइनेछ ।

(२) विगतमा तिर्न बुझाउन बाँकी कर तथा शुल्क असोज मसान्तभित्र एकमुष्ट बुझाउन आउने करदातालाई २५% कर छूट दिइनेछ ।

१७. भूमे गाउँपालिकामा दर्ता नभएका फर्म, किराना पसल, होटेल व्यवसाय, मेडिकल, मदिरा पसल, ग्यारेज, स्केट हाउस लगाएत अन्य सबै प्रकारका व्यवसायले बार्षिक रुपमा व्यवसाय कर अनिवार्य रुपमा तिर्नु पर्नेछ ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

सम्पत्ती कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर | १०० |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | ५० |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको | ३० |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको | २५ |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर | १५ |

एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने ।

## अनुसूची २

भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | जग्गा रजिष्ट्रेशन शुल्क | | ४.००% |
| २ | मालपोत कर | अब्बल (५०० ब.मि.) | २५ |
| | | दोयम (५०० ब.मि.) | २० |
| | | सीम (५०० ब.मि.) | १५ |
| | | चाहार (५०० ब.मि.) | १३ |
| ३ | जग्गा दाखा | कूल मूल्यको | |
| नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा ३०%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ४०%, र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५५% थप जरिवाना लाग्नेछ। तर आ.व. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम र दर रेट अनुसार लाग्नेछ। | | | |

## अनुसूची ३
## बहाल कर

| क्र. सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घरभाडाको | १०% |
| २ | जग्गा लिज कर | प्रति ५०० वर्ग मिटर कृषि व्यवसायको लागि | १५० |
| २ | जग्गा लिज कर | प्रति ढ्याप्ली /कोठा बजार क्षेत्र वार्षिक शुल्क | १००० |
| घर बहाल करका लागि विभिन्न घर/ग्यारेज/घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर (रुपैयाँमा) देहाय बमोजिम हुनेछ। | | | |
| क | "क" श्रेणीका मुख्य बजार क्षेत्र खाबाङबगर | आवास | १००० |
| | | पसल/व्यवसाय | १७०० |
| | | ठूलो घुम्ती/ढेपली | १४०० |
| | | सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार) | १२०० |
| ख | "ख" श्रेणीका मुख्य बजार क्षेत्रमा दोमही, सिसाघारी, त्रिवेणी बजार, लुकुम जल बजार क्षेत्र वरिपरि | आवास | ५०० |
| | | पसल/व्यवसाय | १००० |
| | | ठूलो घुम्ती/ढेपली | १००० |
| | | सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार) | ५०० |
| ख | "ख" श्रेणीका अन्य मुख्य बजार क्षेत्र (बालुवा बजार, महत बजार, धर्मशाला,चुनबाङ गैरीगाउँ बजार) | आवास | ४०० |
| | | पसल/व्यवसाय | १००० |
| | | घुम्ती /ढेपली | ३०० |
| ङ | अन्य | ग्यारेज | १००० |
| | | घुम्ती /ढेपली | २०० |

## अनुसूची ४
## व्यवसाय दर्ता शुल्क तथा वार्षिक शुल्क नविकरण

| क्र. सं. | विवरण | विस्तृत विवरण | दर (रु./ वर्ष) |
|---|---|---|---|
| १ | गल्ला/किराना पसल | गल्ला किराना होलसेल तथा फुटकर पसल दर्ता / बार्षिक शुल्क/नविकरण | १००००/५००० |
| | | गल्ला किराना फुटकर सामानको कारोबार दर्ता/ वार्षिक शुल्क तथा नविकरण (भूमे गा.पाको गाउँ टोल बस्तीहरुमा) | २५००/१५०० |
| | | गल्ला किराना फुटकर सामानको कारोबार दर्ता/ वार्षिक शुल्क तथा नविकरण (सिमा विद्यालय देखि २५० मिटरसम्म धर्मशाला सिमखोला) | ४०००/२५०० |
| | | गल्ला किराना फुटकर पसल दर्ता / बार्षिक शुल्क/नविकरण(काँक्रीबजार महत बजार गैरीगाउँबजार | ५०००/३५०० |

| | | | |
|---|---|---|---|
| | | दोमही बजार जलबजार रिकुङ बजार) | |
| | | ढ्याप्ली तथा खुद्रा कारोबार दर्ता | १५०० |
| | | ढ्याप्ली तथा खुद्रा कारोबार बार्षिक शुल्क/नविकरण | १००० |
| २ | कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल | कपडा/फेन्सी/जुत्ता चप्पल/ब्याग/कस्मेटिक सामाग्रीको कारोबार दर्ता शुल्क | ४००० |
| | | कपडा/फेन्सी/जुत्ता चप्पल/ब्याग/कस्मेटिक सामाग्रीको कारोबार बार्षिक शुल्क/नविकरण | ३००० |
| ३ | लेडिज/जेन्स पार्लर/सैलुन व्यवसाय | पार्लर तथा कपाल काट्ने व्यवसाय दर्ता शुल्क | १५०० |
| | | पार्लर तथा कपाल काट्ने व्यवसाय बार्षिक शुल्क/नविकरण | १००० |
| ४ | होटल व्यवसाय | लजिङ फुडिङ सेवाको होटल दर्ता | ३५०० |
| | | खाना, चिया, नास्ता होटल दर्ता | १५०० |
| | | चिया, नास्ता पसल दर्ता | १००० |
| | होटल व्यवसाय नविकरण | लजिङ फुडिङ सेवाको होटल बार्षिक शुल्क/नविकरण | २५०० |
| | | खाना, चिया, नास्ता होटल बार्षिक शुल्क/नविकरण | १००० |
| | | चिया, नास्ता पसल बार्षिक शुल्क/नविकरण | ७५० |
| ६ | बधशाला | बधशाला दर्ता शुल्क | ३००० |
| | | बधशाला बार्षिक शुल्क/नविकरण | २००० |
| ७ | उद्योग | क्रसर उद्योग दर्ता शुल्क | १०००० |
| | | ग्रिल उद्योग दर्ता शुल्क | ३५०० |
| | | काष्ठ/फर्निचर (साना पूँजी) दर्ता शुल्क | ३५०० |
| | | कागज उद्योग दर्ता शुल्क | २५०० |
| | | साबुन उद्योग दर्ता शुल्क | २००० |
| | | क्रसर उद्योग बार्षिक शुल्क/नविकरण | ७५०० |
| | | ग्रिल उद्योग बार्षिक शुल्क/नविकरण | २५०० |
| | | काष्ठ/फर्निचर (साना पूँजी) बार्षिक शुल्क/नविकरण | २५०० |
| | | कागज उद्योग नविकरण शुल्क | १००० |
| | | साबुन उद्योग बार्षिक शुल्क/नविकरण | १५०० |
| ८ | ढुंगा तथा गिट्टी बालुवा बिक्री/ओसार पसार वापत शुल्क | प्रति ट्रिप ट्याक्टर | ५०० |
| ८ | ढुंगा तथा गिट्टी बालुवा बिक्री/ओसार पसार वापत शुल्क | प्रति ट्रिप टिप्पर १० चक्के | १५०० |
| | ढुंगा तथा गिट्टी बालुवा बिक्री/ओसार पसार वापत शुल्क | प्रति ट्रिप टिप्पर ६ चक्के | १००० |
| ९ | सिलाइ कटाई | टेलरिङ सुविधा दर्ता / वार्षिक शुल्क तथा नविकरण | ३०००/१००० |
| | | साधारण सिलाई कटाई दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १५००/५०० |

| | | | |
|---|---|---|---|
| १० | मदिरा पसल | वितरक दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ८०००/५००० |
| | | पसल थोक बिक्रेता / वार्षिक शुल्क तथा नविकरण | ५५००/३५०० |
| | | होटेल खुद्रा / वार्षिक शुल्क तथा नविकरण | ३५००/२००० |
| ११ | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी वस्तुको कारोबार/ वार्षिक शुल्क तथा नविकरण | २५००/१५०० |
| १२ | स्वास्थ्य | हेल्थ किल्नीक ल्यबा दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ७०००/३५०० |
| | | फार्मेसी मेडिकल दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १००००/५०००० |
| | | पोलिक्लिनिक अस्पताल/ वार्षिक शुल्क तथा नविकरण | १५०००/१०००० |
| | | सामुदायिक अस्पताल दर्ता/ वार्षिक शुल्क तथा नविकरण | २००००/१५००० |
| १३ | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो फोटो स्टुडियो आदि) | इलेक्ट्रोनिक सामग्री (मोबाइल,घडी,अडियो,भिडियो आदि) को कारोबारमर्मत विक्रि वितरण दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ३०००/१५०० |
| १४ | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) को कारोबार दर्ता/ वार्षिक शुल्क तथा नविकरण | २५००/१५०० |
| १५ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १२०००/७००० |
| | | प्याक्ट बिक्रेता दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ५०००/३००० |
| | | ग्याँस सिलिण्डर सब डिलर दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ३५००/२००० |
| | | मट्टितेल मात्र बिक्री दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १५००/५०० |
| १६ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियम पसल | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियमको कारोबार दर्ता / वार्षिक शुल्क तथा नविकरण | ६०००/४००० |
| १७ | भाँडा पसल (सबै खाले) | सबैखाले भाँडा पसल दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ४०००/२५०० |
| | पलाष्टिक भाडा वर्तन आइटम पसल संचालन गरे वापत | पलाष्टिक भाडा वर्तन आइटम पसल संचालन गरे वापत दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ३०००/२००० |
| १८ | स्टेशनरी तथा पुस्तक पसल साथै फोटो स्टुडियो | स्टेशनरी तथा पुस्तकको पसल साथै फोटो स्टुडियो कारोबार दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ३०००/२००० |
| १९ | पार्किङ व्यवसाय | पार्किङ व्यवसाय दर्ता/ नविकरण सबै खाले | १५००/ |
| २० | फलफूल तथा तरकारी पसल | तरकारी तथा फलफूलको कारोबार/ वार्षिक शुल्क तथा नविकरण | २०००/१००० |
| २१ | पानी घट्ट | ६ महिनाभन्दा कम चल्ने दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ६००/२५० |
| | | ६ महिनाभन्दा बढी चल्ने दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १२००/५ |

| | | | |
|---|---|---|---|
| | | | ०० |
| २२ | बैंक/लघुवित /वित्तीय संस्था | बैंक दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १५०००/ १०००० |
| | | बहुउद्देश्यीय सहकारी दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ५०००/३ ५०० |
| | | वित्तीय संस्था लघुवित्त दर्ता/ वार्षिक शुल्क तथा नविकरण | १००००/५ ००० |
| | | बचत तथा ऋण र अन्य सहकारी संस्था दर्ता/ वार्षिक शुल्क तथा नविकरण | ५०००/३ ००० |
| | | कृषिसम्वद्ध विषयगत सहकारी दर्ता/ वयरिङ तथा इलेक्ट्रोनिक्स कारोबार | १०००/५ ०० |
| | | विनियम संशोधन स्वीकृति/कार्यक्षेत्र विस्तार (छुट्टाछुट्टै) | ५०० |
| | | संघसंस्थाबाट माग भए बमोजिम राय | ३०० |
| | | सहकारी संस्था एकीकरण र विभाजन | ५०० |
| | | संघ सस्था सूचिकृत | २००० |
| | | लेखापरीक्षक नियुक्ति समर्थन | ५०० |
| | | दर्ता खारेजी (व्यवस्था बाहेक थप) | ५०० |
| | | मनि ट्रान्सफर, | १५०० |
| २३ | निजी शैक्षिक संस्था दर्ता | निजी शैक्षिक संस्था दर्ता | १५००० |
| २३ | | निजी शैक्षिक संस्था वार्षिक शुल्क प्रति कक्षा | २००० |
| २४ | शैक्षिक संस्था (निजी) कक्षा थप | शैक्षिक संस्था (निजी) प्रति कक्षा थप शुल्क | ५००० |
| २५ | निजी विद्यालय सञ्चालन शुल्क | निजी विद्यालय सञ्चालन वार्षिक शुल्क बार्षिक शुल्क तथा नविकरण प्रति कक्षा | २००० |
| २६ | निजी विद्यालयको कक्षा ८ को परीक्षा फाराम (ग्रेडसिटसहित) शुल्क | प्रति विद्यार्थी | ३०० |
| २७ | तीन पाङ्ग्रे सवारी सूचिकृत | तीन पाङ्ग्रे सवारी वार्षिक कर/सुचिकृत/नविकरण | ३००० |
| २८ | रुट पर्मिट अनुमति | रुट पर्मिट अनुमति शुल्क | १००० |
| २९ | शैक्षिक संस्था कक्षा थप (सामुदायिक) | प्रति कक्षा संख्या | १००० |
| ३० | मिल | कुटानी/पिसानी दर्ता/ बार्षिक शुल्क तथा नविकरण | २०००/१ ००० |
| | | पेलानी | १५००/८ ०० |
| ३१ | सुनचाँदी पसल | सुनचाँदी पसल दर्ता/ बार्षिक शुल्क तथा नविकरण | ५०००/३ ५०० |
| ३२ | ग्यारेज पसल | अटो तथा बाईक मोटर पार्टस बिक्री तथा मर्मत पसल दर्ता/ बार्षिक शुल्क तथा नविकरण | ५०००/३ ००० |
| | | चार पाङग्रे पार्टस बिक्री तथा मर्मत पसल दर्ता/ नवीकरण | ७५००/४५ ०० |
| ३३ | फ्रेस हाउस | खाबाङबगर क्षेत्र दर्ता/ नवीकरण | ३०००/२ ००० |

| | | | |
|---|---|---|---|
| | | अन्य क्षेत्र दर्ता/ नवीकरण | २०००/१०० |
| ३४ | पेन्टर पसल | पेन्टिङ/साइन दर्ता/ नवीकरण | ३०००/२००० |
| ३५ | परामर्श सेवा कम्पनी | विविध कन्सल्टेन्सी दर्ता/नवीकरण | ५०००/३००० |
| ३६ | निर्माण व्यवसाय | "घ" वर्गको निर्माण व्यवसायी दर्ता शुल्क | १५००० |
| | | निर्माण व्यवसाय सुचिकृत बार्षिक शुल्क तथा नविकरण | १०००० |
| | पुल हाउस व्यवसाय | पुल हाउस, स्केट पार्क लगायतका व्यवसाय/ बार्षिक शुल्क तथा नविकरण | ५०००/३००० |
| ३७ | नर्सरी | नर्सरी फार्म दर्ता/ बार्षिक शुल्क तथा नविकरण | १०००/५०० |
| ३८ | | प्रति वर्ग फिट | २ |
| ३९ | निजी वन दर्ता | पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने) | १५०० |
| ४० | झोला कुम्लाको व्यापारी | कपडा बाहेकका पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने) | ५०० |
| | | भाडा बर्तन/ सिरक डसना बनाउने (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने) | १००० |
| ४१ | अन्य नतोकिएको व्यवसाय | यस ऐनमा उल्लेख भए बाहेक | ३००० |

## अनुसूची ५

जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | जडिबुटी निकासीका लागि सम्बन्धित निकायमा सिफारिश दस्तुर | पाँचऔंले, घोडाताप्रे, सतुवा,सेतवरुवा, वन आलु लगायतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मूल्यको | ५% |
| | भीर मौरीको मह | प्रचलित बजार मूल्यको (न्यूनतम्) | ५% |
| २ | काठ | प्रति घन फिट | ५ |
| ३ | कवाडी माल | सिसा, कागज, प्लाष्टिक प्रति किलो | २ |
| ४ | खोटो | प्रति लिटर/किलो | ५ |
| ५ | हेम धागो | प्रति किलो | १० |
| | अल्लो धागो | प्रति के जी | १५ |
| ६ | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख कूल मूल्यको | कूल मूल्यको | २% |

## अनुसूची ६

सवारी साधन कर

प्रदेश कानून बमोजिम

## अनुसूची ७

**विज्ञापन कर**

प्रदेश कानून बमोजिम बाहेकको अवस्थामा

सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५० |
| २ | रङ्गिन विज्ञापन (फ्लेक्स) | प्रति वर्ग फिट | २५ |
| ३ | अन्य पोष्टर, पम्पलेट | प्रति वर्ग फिट | १० |

## अनुसूची ८

मनोरञ्जन कर

प्रदेश कानूनमा व्यवस्था भएको बाहेक

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन | १००० |
| २ | खेलकूद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रति कार्यक्रम | १००० |
| ३ | क्यारम बोर्ड | प्रति क्यारम बोर्ड | १००० |

## अनुसूची ९

बहाल बिरौटी कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | २५ |
| ३ | टहरा बनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | १०० |
| ४ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत | प्रति दिन प्रति १०० वर्ग मिटर | ५ |
| ५ | निर्माण, रेखदेख मर्मत सम्भार खर्च | अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम् | |

| | | | |
|---|---|---|---|
| | | भाडा दर बमोजिम | |

एक वर्षभन्दा कम अवधीको बहालविटौरी करको हिसाब गर्दा बाह्र महिनाको दामासाही हिसाब गरेर गर्ने

## अनुसूची १०

पार्किङ शुल्क (तोकिएको पार्किङ क्षेत्रमा मात्र)

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | | ५ |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रति घण्टा रु | ५ |
| ३ | तीन पाङ्ग्रे सवारी साधन | | ५ |

नोटः सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने ।

## अनुसूची ११
## ट्रेकिङ शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन प्रति व्यक्ति | २० |
| २ | विदेशी | प्रति दिन प्रति व्यक्ति | १०० |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट | | | |

## अनुसूची १२
## सेवा शुल्क दस्तुर

सिफारिश र प्रमाणित शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | २०० |
| २ | | जन्म मिति प्रमाणित गर्ने, गराउने शुल्क २०० | २०० |
| ३ | | विवाहित प्रमाणित / मृत्यु प्रमाणित | २०० |
| ४ | | अविवाहित प्रमाणित गर्ने | ५०० |
| ५ | | घर पाताल प्रमाणित गर्ने | ५०० |
| ६ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० |
| ७ | | जीवितसँगको नाता प्रमाणित गर्ने | २०० |
| ८ | | हकवाला वा हकदार प्रमाणित गर्ने | ५०० |
| ९ | | कागज र मन्जुरीनामा, तमसुक प्रमाणित गर्ने | ५०० |
| १० | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने | ५०० |
| ११ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० |
| १२ | | संरक्षक प्रमाणित गर्ने | २०० |
| १३ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ७००० |
| १४ | सिफारिश शुल्क | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | ५०० |

| | | | |
|---|---|---|---|
| १५ | | अपाङ्गता सिफारिश | ० |
| १६ | | नाबालक परिचयपत्र सिफारिश | ५० |
| १७ | | व्यक्तिगत संरक्षक सिफारिश गर्ने | ० |
| १८ | | संस्थागत संरक्षक सिफारिश गर्ने | २०० |
| १९ | | नागरिकता सिफारिश दस्तुर | २०० |
| २० | | नागरिकता प्रतिलिपी सिफारिश | ५०० |
| २१ | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिश | ५०० |
| २२ | | छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क) | २०० |
| २३ | | बहाल करको लेखाजोखा सिफारिश | २०० |
| २४ | | मोही लगत कट्टाको सिफारिश | २०० |
| २५ | | घरजग्गा करको लेखाजोखा गरी सिफारिश गर्ने | २५० |
| २६ | | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने | २०० |
| २७ | | मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने | २०० |
| २८ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिश | ० |
| २९ | | सशुल्क स्वास्थ्य उपचार सिफारिश | २०० |
| ३० | | पुर्जामा पक्की घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) घरले चर्चेको | ५ |
| ३१ | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) | ३ |
| ३२ | | चार किल्ला सिमाना कायम/प्रमाणित | ५०० |
| ३३ | | फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | २०० |
| ३४ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिश | २०० |
| ३५ | | अस्थायी/स्थायी बसोबास सिफारिश | २०० |
| ३६ | | जग्गा दर्ता सिफारिश | ३०० |
| ३७ | | जग्गाधनी पूर्जा हराएको सिफारिश | ५०० |
| ३८ | | कित्ताकाट गर्न सिफारिश | २०० |
| ३९ | | नामसारी गर्न सिफारिश | २०० |
| ४० | | जग्गाको हक सम्बन्धमा सिफारिश | २०० |
| ४१ | | घर बाटो भएको सिफारिश | ५०० |
| ४२ | | घर बाटो नभएको सिफारिश | ३०० |
| ४३ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश | २०० |
| ४४ | | जीवित रहेको सिफारिश | २०० |
| ४५ | | उद्योग ठाउँसारी गर्न सिफारिश | ५०० |
| ४६ | | विद्यालय खोल्न सिफारिश | १००० |
| ४७ | | सामुदायिक विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा) | ५०० |
| ४८ | | निजी विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा) | १००० |
| ४९ | | विद्यालय ठाउँसारी गर्न सिफारिश | ५०० |
| ५० | | पालन पोषणका लागि सिफारिश | ० |
| ५१ | | धारा जडानको लागि सिफारिश | १०० |
| ५२ | | विद्युत जडानको लागि सिफारिश | १०० |
| ५३ | | संस्था दर्ता सिफारिश | ५०० |
| ५४ | | संस्था नवीकरण सिफारिश | ५०० |
| | बुद्धचित्त निकासा सिफारिस | बुद्धचित्त निकासा सिफारिस (प्रति के.जी) | ५०० |
| ५५ | कृषि/पशु | बहुउद्देशीय/अन्य फार्म/नर्सरी/समूह/ दर्ता/नविकरण/बन्द सिफारिश | २०० |

| | | | |
|---|---|---|---|
| | | शुल्क | |
| ५६ | संघ संस्था | संस्था दर्ता/नविकरण/कार्यक्षेत्र स्वीकृति सिफारिश | १०००/५०० |
| ५७ | | टोल विकास संस्था दर्ता | १००० |
| ५८ | | टोल विकास संस्था नवीकरण | २०० |
| ५९ | | जातजाति प्रमाणितको लागि सिफारिस | ३०० |
| ६० | समिति/ समूह | उपभोक्ता समिति दर्ता | ३००० |
| ६१ | | उपभोक्ता समिति नवीकरण | १००० |
| ६२ | | समूह दर्ता/ नवीकरण सिफारिस | २०० |
| ६३ | | समूह दर्ता | १००० |
| ६४ | | समूह नवीकरण | ५०० |
| ६५ | | उ.स. BOQ खरिद | ३०० |
| ६६ | शिक्षा सम्बन्धी | कक्षा ८ को मार्कसीट प्रतिलिपी | २०० |
| ६७ | | शिक्षक सरुवा सहमति/अनुमति (मा.वि.) | १५०० |
| ६८ | | शिक्षक सरुवा सहमति/अनुमति (आ.वि.) | १००० |
| ६९ | कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने | | ५०० |
| ७० | सर्जिमिन मुचुल्का | | ५०० |
| ७१ | योजना सम्झौता शुल्क | | ५०० |
| ७२ | योजनाको भुक्तानी/फरफारक सिफारिश | | ५०० |
| ७३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | | ५०० |
| ७४ | उद्योग दर्ता सिफारिश | | १००० |
| ७५ | कोर्ट फि मिनाहा सिफारिश | | ० |
| ७६ | **पशु सेवा केन्द्र तर्फको दररेट** | | |
| ७७ | पशु खोप | रेविज (प्रति डोज) | १०० |
| ७८ | | कुखुराको खोप (प्रति डोज) | २ |
| ७९ | | खोरेत (प्रति डोज) | ३० |
| ८० | | पि.पि.आर, स्वाइन फिभर (प्रति डोज) | १० |
| ८१ | | एच एस वि क्युकमन एल.एस.डि,(प्रति डोज) | २० |
| ८२ | पशु उपचार तथा दर्ता शुल्क | पशु उपचार तथा दर्ता शुल्क  (भेडा बाखा र बंगुर (प्रति पशु) | १० |
| ८३ | | कुकुरा हाँस (प्रति पन्छी) | ५ |
| ८४ | | कुकर विरोलो घोडा प्रजाती/ अन्य वन्यजन्तु (प्रति पशु) | ५० |
| ८५ | | गाई भैसी (प्रति पशु) | २० |
| ८६ | पशु बन्ध्याकरण | कुकुर भाले (प्रति पशु) | २५० |
| ८७ | | घोडा भाले (प्रति पशु) | ३०० |
| ८८ | | बंगुर भाले (प्रति पशु) | १५० |
| ८९ | | बोका  (प्रति पशु) | ३० |
| ८० | | बहर राँगो (प्रति पशु) | ५० |
| ८१ | माईनर अपरेशन | गाई भैसी घोडा | १०० |
| ८२ | कृतिम गर्भाधान सेवा | गाई भैसी बाखा | १०० |
| ८३ | | बंगुर भेडा बाखा | ५० |
| ८४ | चौपाया सम्बन्धी सिफारिश | प्रति चौपाया | ५० |
| ८५ | आयत निर्यातमा चौपाय स्वास्थ्य जाँच तथा निकासी सिफारिस शुल्क | भेडा बाखा बंगुर | ५० |
| ८६ | | गाई गोरु | १०० |
| ८७ | | भैंसी राँगो घोडा (ठूलो १ वर्ष माथी) | २०० |

| | | | |
|---|---|---|---|
| ८८ | आयात निर्यातमा चौपाया स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाया सिफारिश शुल्क | भैंसी/राँगो | २०० |
| ८९ | | भैंसी/राँगो (१ देखि २ वर्ष) | १०० |
| ९० | | गाई/गोरु | ५० |
| ९१ | | बाखा/भेडा/खसी/बोका | ५० |
| ९२ | | कुखुरा/हाँस | ५ |
| ९३ | | कुखुरा/हाँस चल्ला | १ |
| ९४ | घर नक्सा पास/अभिलेखिकरण/ नामसारी दस्तुर | नक्सा संशोधन (प्रति व.फि.) | ६ |
| ९५ | | नक्सा पास (प्रति व.फि.) | ६ |
| ९६ | | नक्सा नामसारी (प्रति व.फि.) | ३ |
| | | नक्सा अभिलेखिकरण (प्रति व.फि.) | ६ |
| ९७ | घर नक्सा प्रतिलिपी प्रमाणित/नवीकरण | नक्सा प्रतिलिपी (प्रति व.फि.) | ३ |
| ९८ | | निर्माण म्याद थप (नवीकरण) प्रतिमहिना | ३००० |
| ९९ | घर जग्गा नक्सा पास सिफारिस दस्तुर | पक्की घर | २००० |
| १०० | | कच्ची घर | १००० |
| १०१ | घर सम्पन्न सिफारिश | पक्की घर | २००० |
| १०२ | | कच्ची घर | १००० |
| १०३ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निशुल्क) | जन्म दर्ता | २०० |
| १०४ | | मत्यु दर्ता | २०० |
| १०५ | | विवाह दर्ता | २०० |
| १०६ | | बसाइसराइ (आउने/जाने) | २००/१००० |
| १०७ | | सम्बन्ध बिच्छेद | २०० |
| १०८ | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० |
| १०९ | न्यायिक समिति दस्तुर | निवेदन पेश गर्दा | १०० |
| ११० | | प्रतिउत्तर पत्र पेश गर्दा | १०० |
| १११ | | मेलमिलाप दस्तुर (वादी/ प्रतिवादी) | ५००/५०० |
| ११२ | | नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको | ५ |
| ११३ | | न्यायिक समितिको निर्णय प्रति पृष्ठ | ५ |
| ११४ | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको | ५ |
| ११५ | वन पैदावार | वन पैदावार जन्य निकासी दस्तुर | ५ / क्यूफि |
| | स्थानीय ढुङ्गा स्लेट सूचिकृत | | ५००० |
| ११६ | स्लेट दस्तुर | बिक्री मूल्यको | २% |
| | अन्य ढुङ्गा निकासी सिफारिस | स्थानीय ढुङ्गा निकासी प्रति ट्याक्टर (पालिकाभित्र/ बाहिर) | ५००/१००० |
| ११७ | जलस्रोत | जलस्रोत समिति दर्ता | ३००० |
| | | जलस्रोत समिति नवीकरण | १००० |
| ११८ | बैंक खाता खोल्न सिफारिश | पालिकाको योजनामा उसलाई निःशुल्क | २०० |
| ११९ | अन्य सिफारिस | अन्य सिफारिस | २०० |
| १२० | सूचिकृत | मौजुदा सूचीमा सूचिकृत | १००० |
| १२१ | कृषि/पशु | बहुउद्देश्यीय फार्म/नर्सरी/समूह दर्ता | १५०० |
| | | अन्य फार्म/नर्सरी/समूह दर्ता | १००० |
| | | बहुउद्देश्यीय/अन्य फार्म/नर्सरी/समूह नविकरण | ३०० |
| | | बहुउद्देश्यीय/अन्य फार्म/नर्सरी/समूह बन्द | ५०० |
| १२२ | बोलपत्र सम्बन्धि कागजातको दस्तुर | २० लाख सम्म लागत अनुमान भएको | १००० |
| | | २० लाख भन्दा माथि २ करोड सम्म | ३००० |
| | | २ करोड भन्दा माथि १० करोड सम्म | ५००० |

| | | | |
|---|---|---|---|
| | | १० करोड भन्दा माथि २५ करोड सम्म | १०००० |
| | | २५ करोड भन्दा माथि | २०००० |

## अनुसूची १३

पर्यटन शुल्क (प्रतिदिन)

| क.सं. | विवरण | विस्तृत विवरण (प्रति व्यक्ति) | दर (रु.) |
|---|---|---|---|
| १ | दृष्यावलोकन | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| २ | अध्ययन भ्रमण | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| ३ | पार्क/संग्रहालय अवलोकन शुल्क | स्वदेशी | २० |
| | | विदेशी | ५० |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट, अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क | | | |

## अनुसूची १४

फोहोरमैला व्यवस्थापन शुल्क

| क.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक | ५०० |
| २ | पसल | वार्षिक | २०० |
| ३ | घरबाट निस्कने फोहर | वार्षिक | १०० |

* तोकिएको स्थान बाहेक जथाभावी फोहोर गर्ने, थुपार्ने कार्य गरेमा कानून बमोजिम थप जरिवाना गरिने ।

## अनुसूची १५

मालपोत तथा अमिन सिफारिस शुल्क

| क.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | अमिन सेवा शुल्क चुनबाङ बाहेक अन्य ठाँउमा | पटक | १५०० |
| २ | अमिन सेवा शुल्क चुनबाङ | पटक | २५०० |
| ३ | कित्ता थप शुल्क | प्रति कित्ता | ५०० |
| ४ | कच्ची घर प्रमाणपत्र सिफारिस | प्रति गोटा | २०० |
| ५ | सुपरिवेक्षण | पटक | १००० |
| ६ | नक्सा पास शुल्क | पटक | १००० |
| ७ | नक्सा अभिलेख शुल्क | पटक | १००० |
| ८ | घर कायम सिफारिस | प्रति गोटा | २०० |
| ९ | घरपाताल सिफारिस | प्रति गोटा | ३०० |
| १० | नक्सा पास प्रति बर्ग फिट | पहिलो तला | ६ |
| | | दोस्रो तला | ८ |
| | | तेस्रो तला भन्दा माथि प्रति तला | १० |
| ११ | नक्सा अभिलेखिकरण प्रति बर्ग फिट | पहिलो तला | ८ |
| | | दोस्रो तला | १० |
| | | तेस्रो तला भन्दा माथि प्रति तला | १२ |

| | | | |
|---|---|---|---|
| १३ | अस्थायी टहराहरु जस्तै कुखुरा पालन पशुपालन कृषि प्रयोजन गोदाम घर मेला तथा पर्वमा बनाउने टहरा वा अन्य टहराहरु | प्रति वर्गफिट | ३ |
| १४ | महिला तथा सहिद परिवारको नाममा घर नक्सा पास तथा अभिलेखिकरण गरेमा लाग्ने राजस्वमा २५% छुट हुनछ । | | |